लोक सेवा आयोग

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रशासन, सामान्य प्रशासन, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८२।०८।०५

**KEY [A]**

पत्र : प्रथम

समय : २ घण्टा १५ मिनेट

पूर्णाङ्क : १००

## विषय : सामान्य ज्ञान, समसामयिक अध्ययन र गणित

उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा **calculator, mobile** प्रयोग गर्न पाइनेछैन ।

वस्तुगत — समय : ४५ मिनेट

वस्तुगत बहुउत्तर — अङ्क : ५०×१=५०

1. पूर्वदेखि पश्चिम दिशाका आधारमा तल दिइएका तालहरूको सही क्रम छनौट गर्नुहोस् ।
   A) जाखिरा ताल, साल्पा पोखरी, सुर्मा सरोवर, रूक्मिणी दह
   B) साल्पा पोखरी, जाखिरा ताल, रूक्मिणी दह, सुर्मा सरोवर
   C) सुर्मा सरोवर, रूक्मिणी दह, जाखिरा ताल, साल्पा पोखरी
   D) रूक्मिणी दह, जाखिरा ताल, साल्पा पोखरी, सुर्मा सरोवर
2. देहायका कथन मनन गरी गलत कथन चयन गर्नुहोस् ।
   A) राजी जातिको मुख्य बसोबासस्थल दाङ जिल्ला हो
   B) विद्यापति नेपाल भाषाका प्रसिद्ध कवि हुन्
   C) चाँगुनारायण मन्दिर प्यागोडा शैलीमा निर्मित छ
   D) पुटपुटे नाच गुरूङ जातिमा प्रचलित नाच हो
3. 'हिउँको गीत' नामक उपन्यासका लेखक को हुन्?
   A) तीर्थ गुरूङ B) डा. श्रीधर खनाल C) भूपि शेरचन D) महानन्द सापकोटा
4. मल्लकालमा फौजदारी प्रकृतिको मुद्दाको पुनरावेदन सुन्ने निकायलाई के भनिन्थ्यो?
   A) कोटिलिङ्ग B) पञ्चसमुच्चय C) इटाचपली D) भारदारीसभा
5. मुख्य गरेर सल्ला, चाँप, कटुस, ओखर, गुराँस, चिलाउने जस्ता बोटबिरूवा कुन प्रकारको वनमा पाइन्छन्?
   A) उष्ण प्रदेशीय सदाबहार B) समशीतोष्ण पतझर
   C) समशीतोष्ण सदाबहार कोणधारी D) लेकाली वनस्पति
6. दुधकोशी-२ जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता कति मेगावाट रहेको छ?
   A) ५५ B) ६० C) ७० D) ७५
7. आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार प्रतिव्यक्ति राष्ट्रिय आय कति अमेरिकी डलर रहेको छ?
   A) १७१५ B) १५१७ C) १४९६ D) १४६६
8. आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान कति प्रतिशत रहेको छ?
   A) १२.८३ B) २१.०६ C) २५.१६ D) ३२.०१
9. SAPTA मा नेपालका तर्फबाट हस्ताक्षर गर्ने व्यक्ति को हुन्?
   A) महेश आचार्य B) शेरबहादुर देउवा C) शेषबहादुर थापा D) गिरिजाप्रसाद कोइराला
10. Experimental Advanced Superconducting Tokamak (EAST) अर्थात चीनद्वारा निर्मित कृत्रिम सूर्य (Artificial Sun) चीनको कुन सहरमा स्थापना गरिएको छ?
    A) Chengdu B) Wuhan C) Hefei D) Shanghai

MIRAS ACADEMY

क्रमशः

11. टेलिभिजनको रिमोट कन्ट्रोल प्रविधिमा कुन विद्युत चुम्बकीय तरङ्गको उपयोग गरिएको हुन्छ?
A) इन्फ्रारेड B) रेडियो C) प्रकाश D) अल्ट्राभायलेट

12. Echocardiography नामक यन्त्र मानव शरीरको कुन अंगको परीक्षणका लागि प्रयोग गरिन्छ?
A) कलेजो B) मुटु C) फोक्सो D) मृगौला

13. हैजा कुन किटाणुका कारण लाग्छ?
A) Salmonella B) Rhino virus C) Plasmodium D) Vibrio cholerae

14. नेपालको गाउँपालिकाबिहिन जिल्ला तलका मध्ये कुन हो?
A) चितवन B) भक्तपुर C) पर्सा D) ललितपुर

15. नेपालको संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध तलका मध्ये कुनमा आधारित हुने व्यवस्था छ?
A) सहकारिता, सहयोग र समन्वय B) सहकारिता, सहअस्तित्व र समन्वय
C) समझदारी, सहयोग र सहभागिता D) सहयोग, समन्वय र समझदारी

16. प्रदेश व्यवस्थापिका संसदमा कुल जम्मा कतिजना सदस्य रहने व्यवस्था छ?
A) २२० B) २३० C) २७५ D) ५५०

17. स्थानीय तह भन्नाले तल दिइएका मध्ये कुन निकायलाई बुझाउँदैन?
A) गाउँपालिका B) नगरपालिका
C) जिल्ला समन्वय समिति D) जिल्ला सभा

18. नेपालको इतिहासमा कुन राजाको पालादेखि द्वैध शासनको सुरूवात भएको मानिन्छ?
A) मानदेव B) अंशुवर्मा C) शिवदेव D) वसन्तदेव

19. राज्यका निर्देशक सिद्धान्त समावेश भएको नेपालको पहिलो संविधान कुन हो?
A) नेपालको अन्तरिम शासन विधान, २००७ B) नेपाल अधिराज्यको संविधान, २०१५
C) नेपालको संविधान, २०१९ D) नेपाल अधिराज्यको संविधान, २०४७

20. नेपालको संविधानमा खाद्यसम्बन्धी हक कुन धारामा रहेको छ?
A) ३३ B) ३६ C) ३९ D) ४३

21. नेपालको संविधानमा "राष्ट्रिय झण्डाको आकार ..... ले निर्धारण गरे बमोजिम हुनेछ" भन्ने व्यवस्था गरिएको छ ।
A) सर्वोच्च अदालत B) संघीय संसद C) गृह मन्त्रालय D) नेपाल सरकार

22. आयुर्वेद कुन वेदको उपवेद हो?
A) ऋग्वेद B) सामवेद C) यजुर्वेद D) अथर्ववेद

23. इराकको पुरानो नाम के हो?
A) दमोही B) पर्सिया C) मलाया D) मेसोपोटामिया

24. गोवि मरूभूमि कुन महादेशमा पर्छ?
A) एसिया B) युरोप C) अफ्रिका D) अष्ट्रेलिया

25. युरोप र एसिया महादेशलाई जोड्ने पर्वत/पर्वतश्रृंखला तलका मध्ये कुन हो?
A) एटलास B) एडम्स पिक C) युराल D) एण्डिज

26. विश्वको सबैभन्दा लामो हिमनदी कुन हो?
A) हार्वर्ड B) खुम्बु C) हिडन भ्याली D) लाम्बर्ट

27. पृथ्वीको सतहको कुनै निश्चित स्थानबाट पृथ्वीको व्यासको अर्को छेउ (Opposite) मा पर्ने स्थानलाई के भनिन्छ?
A) भूमध्य रेखा (Equator) B) प्रधानमध्यान्ह रेखा (Prime Meridian)
C) ध्रुव (Pole) D) प्रतिलोम (Antipole)

क्रमशः

MIRAS ACADEMY

28. द्वितीय विश्वयुद्धको समयमा Axis Power अन्तर्गत तलका मध्ये कुन राष्ट्र पर्दैनथ्यो?
A) जर्मनी B) जापान C) इटाली D) अमेरिका

29. "समानता, स्वतन्त्रता र भ्रातृत्व" भन्ने नारा कुन घटनाक्रमसँग सम्बन्धित छ?
A) अमेरिकी स्वतन्त्रता संग्राम B) रूसी क्रान्ति
C) फ्रान्सेली राज्यक्रान्ति D) बेलायतको गौरवमय क्रान्ति

30. फ्रान्सेली राज्यक्रान्ति कहिले भएको थियो?
A) सन् १७८८ B) सन् १७८९ C) सन् १८८८ D) सन् १८८९

31. भारतीय स्वतन्त्रता संग्रामको परिणामस्वरूप भारत कहिले स्वतन्त्र भयो?
A) सन् १९४७ अगष्ट १४ B) सन् १९४७ अगष्ट १५
C) सन् १९४८ जनवरी ३० D) सन् १९५० जनवरी २६

32. संयुक्त राष्ट्रसंघले सबैभन्दा पछि मान्यता दिएको भाषा कुन हो?
A) अंग्रेजी B) चाइनिज C) फ्रेन्च D) अरबी

33. "Agenda for Development" अवधारणाका प्रस्तुतकर्ता को हुन्?
A) कोफी अन्नान B) एन्टोनियो गुटेरेस C) बुत्रोस बुत्रोस घाली D) उ थान्त

34. आगोको औँठी (Ring of Fire) भनेर कुन महासागरलाई चिनिन्छ?
A) कुमेरू B) हिन्द C) प्रशान्त D) आन्ध्र

35. दक्षिण एसियाली विश्वविद्यालय कहाँ रहेको छ?
A) काठमाडौँ B) नयाँ दिल्ली C) कोलम्बो D) थिम्पु

36. विश्वको सबैभन्दा लामो समुन्द्री किनारा भएको देश कुन हो?
A) अमेरिका B) चिली C) रूस D) क्यानडा

37. नेपालको सबैभन्दा धेरै नगरपालिका भएको जिल्ला कुन हो?
A) मोरङ B) सप्तरी C) रौतहट D) बारा

38. सार्कको स्थायी समितिको सदस्य को रहने व्यवस्था छ?
A) सदस्य राष्ट्रको राष्ट्र प्रमुख B) सदस्य राष्ट्रको प्रधानमन्त्री
C) सदस्य राष्ट्रको परराष्ट्रमन्त्री D) सदस्य राष्ट्रको परराष्ट्र सचिव

39. BIMSTEC को अवधारणा ल्याउने देश कुन हो?
A) भारत B) नेपाल C) श्रीलंका D) थाईल्याण्ड

MIRAS ACADEMY

40. फिफा विश्वकप बारे कुन कथन सही छ?
A) फिफाको प्रधान कार्यालय जुरिचमा छ
B) फिफा विश्वकप-२०२२ को आदर्श वाक्य "Together for a Dream" थियो
C) आगामी विश्वकप-२०२६, २२ औं संस्करणको विश्वकप हुनेछ
D) हालसम्म १० वटा देशले फिफा विश्वकपको उपाधि जितेका छन्

41. विश्व शान्ति सूचकांक (Global Peace Index), २०२५ मा नेपाल कति औं स्थानमा रहेको छ?
A) ७१ B) ७३ C) ७४ D) ७६

42. मधुपर्क सम्मान, २०८१ बाट सम्मानित स्रष्टा को को हुन्?
A) प्रा. कृष्ण गौतम, मञ्जु काँचुली, किशोर पहाडी B) अभि सुवेदी, सुमन पोखरेल
C) विजय मल्ल, परशु प्रधान, प्रेमा शाह D) प्रदिप रिमाल, अलि मियाँ

43. नेपालको प्रथम महिला प्रधानमन्त्री सुशिला कार्कीको प्रधानमन्त्री पदमा कहिले नियुक्ति भएको हो?
A) वि.सं. २०८२ भाद्र २६ B) वि.सं. २०८२ भाद्र २७
C) वि.सं. २०८२ भाद्र २८ D) वि.सं. २०८२ भाद्र २९

44. सन् २०२५ मा भौतिकशास्त्रतर्फको नोबेल पुरस्कारबाट सम्मानित हुने व्यक्ति तलका मध्ये को होइनन्?
A) रिचर्ड रोबसन B) जोन क्लार्क C) मिसेल एच डेभरेट D) जोन एम मार्टिनिस

45. विश्व खाद्य कार्यक्रम (World Food Programme) को प्रधान कार्यालय कुन देशमा रहेको छ?
A) फ्रान्स B) इटाली C) स्पेन D) अमेरिका

46. खाद्य तथा कृषि संगठन (FAO) को आह्वानमा मनाइने विश्व खाद्य दिवस कहिले मनाइन्छ?
A) अगष्ट १६ B) सेप्टेम्बर १६ C) अक्टोबर १६ D) नोभेम्बर १६

47. नेपालले WTO को सदस्यता कहिले प्राप्त गरेको हो?
A) सन् १९९५ जनवरी B) सन् २००१ अप्रिल C) सन् २००४ अप्रिल D) सन् २००७ जनवरी

48. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको अन्तिम लेखापरीक्षण कोबाट हुने व्यवस्था रहेको छ?
A) कम्पनीको साधारण सभाबाट नियुक्त लेखापरीक्षक
B) रजिष्टर्ड लेखापरीक्षक
C) महालेखापरीक्षकको कार्यालयबाट नियुक्त लेखापरीक्षक
D) महालेखा नियन्त्रक कार्यालय

49. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको नियमनकारी प्रमुख निकाय तलका मध्ये कुन हो?
A) कृषि तथा पशुपंक्षी विकास मन्त्रालय B) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
C) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग D) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

50. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा नेपाल सरकारको स्वामित्व संरचना तलका मध्ये कुन हो?
A) १०० प्रतिशत B) ९९.४६ प्रतिशत C) ९७.७१ प्रतिशत D) ९६.२७ प्रतिशत

:: समाप्त ::

**उत्तरपुस्तिकामा KEY अनिवार्य रूपमा लेख्नुहोला ।**

MIRAS ACADEMY